# मिथिला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ढल्केबर, धनुषा
### २ नं. प्रदेश, नेपाल

पत्र संख्या:- प्र. २०७५।०७६
चलानी नं.:- ६९१

मिति : २०७५।११।१९

विषय: प्रेस विज्ञप्ती ।

राष्ट्रिय दैनिक नयाँ पत्रिकाको वर्ष १२ अंक ३१६ मिति २०७५ साल फाल्गुन १९ गते आईतबार प्रकाशित ब्यानर न्यूजको रुपमा "स्थानीय जनप्रतिनिधिको भत्ता दैनिक १५,०००।- सम्म" शिर्षक समाचार प्रति हाम्रो गम्भिर ध्यानाकार्षण भएको छ। उक्त समाचारमा उल्लेख भए बमोजिम मिति २०७५ साल बैशाख ६ र ७ गते राष्ट्रिय भिटामिन ए कार्यक्रममा मेयर उपमेयर लगायत कुनै पनि जनप्रतिनिधिहरुले भत्ता रकम लिने गरी अनुगमन नगरेको र सो सम्वन्धमा कुनै पनि भुक्तानी नभएको प्रष्ट पार्न चाहन्छौं ।

२०७५ वैशाख ६ र ७ गतेका दिन यस नगरपालिका क्षेत्र भित्र कार्यरत ५२ जना महिला स्थास्थ्य स्वयम सेविकाहरुलाई भिटामिन ए कार्यक्रममा नगरपालिकाबाट दैनिक रु. ४००।- का दरले जनही रु. ४१,७००।- भुक्तानी भएको व्यहोरा अनुरोध छ ।

सो सम्वन्धमा महालेखा परीक्षकको कार्यालय, लेखापरीक्षण डोरमुकाम जनकपुर, धनुषाले मिति २०७५।११।१० मा यस कार्यालयलाई उपलब्ध गराइएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा सो सम्वन्धमा दफा ४१ मा कार्यालयले यो वर्ष बैशाख ६ र ७ गते भिटामिन ए क्याप्सुल खुवाउने कार्यक्रमको १० जना पदाधिकारीहरुलाई अनुगमन गरेको **जनाई** रु. ३०,०००।- भुक्तानी गरेको छ ।" भन्ने उल्लेख छ । यसमा सर्व प्रथम महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख भएको शब्दावलीको कार्यालयले यो वर्ष बैशाख ६र७ गते भिटामिन ए क्याप्सुल खुवाउने कार्यक्रमको १० जना पदाधिकारीहरुलाई अनुगमन गरेको **जनाई** रु. ३०,०००।- भुक्तानी गरेको छ भन्ने हरफमा उल्लेख भएको **जनाई** भन्ने शब्दलाई हतारमा **जनही** पढी दिनको १५००।- सम्म हुन आउने रकमलाई १५,०००।- भनी उल्लेख गरिएको छ ।

यसै गरी वडा कार्यालयको कार्यालय संचालन तथा प्रशासनिक खर्च रकम वील भर्पाइ पेश भए पछि वडा सचिव मार्फत, विविध खर्च र कार्यालयमा रहेको ५ वटा टयाक्टर, १ वटा व्याक हु लोडर, २ वटा जीप/पिकअप र मोटरसाईकमा प्रयोग भएको सवारी ईन्धनको वील भर्पाइ राखी रकम भुक्तानी भएको व्यहोरा जानकारी गराउदै सो समाचारको सम्वन्धमा हामी जनप्रतिनिधिहरुबाट समाचार सम्वन्धमा बुझ्दै नबुझी मानमर्दन हुने गरी तथ्यहिन, भ्रामक समाचार सम्प्रेषण भएकोमा घोर आपति जनाउदै सो समाचारको जोडदार खण्डन गर्दछौं ।

दिपकजंग थापा
प्रवक्ता, मिथिला नगरपालिका ।